# माछापुच्छ्रे गाउंपालीकाको  गाउँसभा सञ्चालन, कार्यविधि २०७४

**प्रस्तावना** : नेपालको संविधानको धारा २२७ अनुसार प्रदेश कानून बमोजिम स्थानिय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागू नभए सम्मको लागि माछापुच्छ्रे गाउपालीकाको गाँउ सभा कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समिति हरुको गठन गर्न र अन्य काम कारर्वाहि नियमित एवं प्रवाभकारी वनाउन माछापुच्छ्रे गाउ कार्यपालिका बाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस नियमावलीको नाम माछापुच्छ्रे गाउ सभा संचालन कार्यविधि २०७४ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"संविधान** " भन्नाले नेपालको संविधान भन्ने सम्झनु पर्छ ।

(ख) **" स्थानिय तह** " भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका गाँउपालिका, र जिल्ला सभा सम्झनु पर्दछ ।

(ग) **" सभा"** भन्नाले गाँउपालिकाको हकमा संविधान को धारा २२२ बमोजिमको गाँउसभा सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका** " भन्नाले गाँउकार्यपालिका सम्झनुपर्छ ।

(ङ) **" अध्यक्ष** " भन्नाले सभाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) **" उपाध्यक्ष** " भन्नाले गाँउपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(छ) **" विधेययक** " भन्नाले स्थानिय कानुनको मस्यौदा वा कानुनको संशोधन समेत सम्झनुपर्छ ।

(ज) **"सदस्य** " भन्नाले गाँउ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष , कार्यपालिकाको सदस्य वा वडा सदस्य सम्झनु पर्छ ।

(झ) **" सभा सचिव"** भन्नाले गाँउपालिकाको कार्यकारी अधिकृत वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी समेतलाई सम्झनु पर्छ ।

(ञ) **“बैठक** ”भन्नाले गाँउ सभाको अधिवेशन सम्झनु पर्छ। सो प्रस्ताव सँग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनु पर्छ।

(ट) **” प्रस्ताव** “ भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो प्रस्ताव सँग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनु पर्छ।

(ठ) **“प्रस्तुतकर्ता सदस्य ”** भन्नाले सभाको विधेययक वा प्रश्ताव प्रस्तुतकर्ता सभाको सदस्य सम्झनु पर्छ।

(ड) ” बैठक कक्ष “ भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडीएको दर्शक दीर्घा तथा वरण्डा समेतलाई सम्झनु पर्छ।

(ढ) “ **विषयगत शाखा** ” भन्नाले गाँउपालिका कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा संझनु पर्छ।

(ण) **“समिति** ” भन्नाले यस कार्यबिधि बमोजिम गठन हुने सभाको समिति सम्झनुपर्छ।

(त) “**संयोजक”** भन्नाले यसकार्यविधि बमोजिम गठित समितिको संयोजक सम्झनुपर्छ।

परिच्छेद-२

## सभाको बैठक तथा बैठक संचालन सम्बन्धि ब्यवस्था

३. सभाको अधिवेशन बोलाउने : (१) अध्यक्षले गाँउपालिकाको निर्वाचन अन्तिम परिमाण घोषणा भएको मितिले एक महिना भित्र सभाको पहिलो अधिवेशन बोलाउने छ। त्यस पछि यस कार्यविधि बमोजिम अध्यक्षले समय,समयमा अन्य अधिवेशन बोलाउनेछ।

तर सभाको एउटा अधिवेशनको समाप्ति र अर्को बैठकको प्रारम्भका बीचको अवधि ६ महिना भन्दा बढि हुने छैन।

(२) अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठक संचालन र अन्त्य गर्नेछ।

(३) सभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन वान्छनिय छ भनी सभाको सम्पुर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो बैठक बस्ने मिति,स्थान तोक्नेछ। त्यसरी तोकीएको मिति, समय स्थानमा सभाको अधिवेशन बस्नेछ।